# गण्डकी बोर्डिङ स्कुल

(क्षेत्रीय विद्यालय)
लामाचौर, पोखरा ।
फोनः ०६१-४४०३९८,४४०४१४ फ्याक्सः ०६१-४४०९५८

मिति : २०७५/०६/२२

श्रद्धेय अभिभावकज्यू,
हार्दिक अभिवादन !

२०७५ श्रावण ८ गतेबाट प्रारम्भ भएको शैक्षिक वर्ष २०७५ को द्वितीय सत्रको परीक्षा समाप्त गरी विद्यार्थीहरू दसैं, तिहार र छठ पर्वको बिदामा घरमा आउने क्रममा यस सत्रमा भएका प्रमुख गतिविधिहरूलाई समेटी यो सङ्क्षिप्त पत्र लेख्दै छु ।

शिक्षा मन्त्रालयका सचिव खगराज बरालले २०७५ श्रावण २० गते यस विद्यालय/महाविद्यालयको भ्रमण गरी यसले आफ्नो स्थापनाकालदेखि अब्बल शैक्षिक संस्थाका रूपमा शिक्षाको क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको सराहना गर्दै आगामी दिनमा यस विद्यालयले विद्यार्थीहरूमा विश्व परिवेशमा शिक्षा क्षेत्रमा भित्र्याइएका नवीन प्रविधि ज्ञान/सिपको उच्चतम उपयोग गर्दै शिक्षा क्षेत्रमा आफूले गरेका असल अभ्यासहरू सामुदायिक विद्यालयसँग पनि आदानप्रदान गर्दै विद्यालय क्षेत्र सुधारमा योगदान पुऱ्याओस् भनी शुभकामना व्यक्त गर्नु भयो । सो अवसरमा यस विद्यालयको भौतिक तथा शैक्षिक विकासमा शिक्षा मन्त्रालयले आफ्नो सहयोग यथावत जारी राख्ने व्यहोरा पनि जानकारी गराउनु भयो ।

यो शैक्षिक वर्षको यस सत्रमा शिक्षा निर्देशानालयका निर्देशक एवम् व्यवस्थापन समितिका अध्यक्ष डा. बाबुराम ढुङ्गाना, प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढा र शिक्षा समन्वय इकाईका इकाई प्रमुख नारायणप्रसाद सुवेदीलाई व्यवस्थापन समितिको सदस्यका रूपमा हार्दिक स्वागत गरियो ।

राष्ट्रिय परीक्षा बोर्डद्वारा प्रकाशित कक्षा १२ को नतिजामा यो वर्ष सम्मिलित १०९ जना विद्यार्थीमध्ये ५ जना जिपिए (३.६-४.०), ६९ जना जिपिए (३.२-३.६), २९ जना जिपिए (२.८-३.२) र ६ जना जिपिए (२.४-२.८) प्राप्त गरी सम्पूर्ण विद्यार्थीहरू उत्तीर्ण भई उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भए । विद्यार्थीहरूमा उच्च अध्ययन र वृत्ति विकासमा सहयोग पुऱ्याउने उद्देश्यले २०७५ भदौ १० गते कक्षा ११, १२ र ए-लेभलका विद्यार्थीहरूलाई USEF नेपाल, अमेरिकी राजदुतावास र संयुक्त राज्य अमेरिकाका २० भन्दा बढी विश्वविद्यालयद्वारा Education Fair को आयोजना गरी अमेरिकामा उच्च अध्ययनको सम्भावना, अवसर र प्रक्रियाको बारेमा जानकारी गराइयो ।

व्यवस्थापन समितिको २०७५ श्रावण २५ को निर्णयले यस विद्यालयमा रिक्त हुन आएको आन्तरिक पदहरू जुनियर स्कुल सुपरभाइजरमा अङ्ग्रेजी शिक्षक सोनी थापा, अङ्ग्रेजी भाषा विभागको प्रमुखमा कृष्णश्याम शर्मा र छात्रवृत्ति प्रमुखमा गणित शिक्षक श्रीराम अधिकारी नियुक्ति भई कार्यरत हुनुहुन्छ । डाइनिङ्हलमा कार्यरत कुक तेजबहादुर गुरुङले २०७५ साल साउन २९ देखि स्वैच्छिक अवकाश लिनु भयो ।

यस सत्रमा विद्यालयको वार्षिक कार्य तालिकामा अतिरिक्त क्रियाकलाप अन्तर्गत योजना गरिएका अन्तरसदनात्मक नेपाली तथा अङ्ग्रेजी वादविवाद प्रतियोगिता, सामान्य ज्ञान, Maths Quiz र Handball प्रतियोगिताहरू सम्पन्न भए । दोस्रो सत्रको यस अवधिमा कक्षा १० का विद्यार्थीहरूले पूर्व विद्यार्थी स्व. रोहन अधिकारीको सम्झनामा सातौं रोहन मेमोरियल फुटबल टुर्नामेन्ट २०७५ सफलतापूर्वक सम्पन्न गरे । म यस अवसरमा कक्षा १० का विद्यार्थीहरूको सक्रिय सहभागिता एवम् व्यवस्थापकीय कौशलको उच्च मूल्याङ्कन गर्दै कक्षा १० परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । २०७५ भदौं १६ गते सम्पन्न भएको माध्यमिक तहदेखि ए-लेभलको अभिभावक दिवसमा हाम्रा विद्यार्थीहरूले उत्कृष्ट सांस्कृतिक कार्यक्रम सम्पन्न गरे । उक्त कार्यक्रममा अभिभावकज्यूहरूको उत्साहजनक सहभागिताले हामीलाई थप उत्साहित बनाएको छ ।

स्टार स्टुडियो प्रा.लि., पोखराले आयोजना गरेको विद्यालय स्तरीय चित्रकला प्रतियोगितामा यस विद्यालयको कक्षा १० मा अध्ययनरत छात्रा रेवेक्का सुवेदीले नगद पुरस्कार रु. ७,०००/- सहित प्रथम स्थान प्राप्त गरिन् । करियर काउन्सेलिङ्ग सेन्टर पोखराले आयोजना गरेको गण्डकी प्रदेश स्तरीय नेपाली वक्तृत्व कला प्रतियोगितामा कक्षा १० की छात्रा मोनिका गौतमले नगद पुरस्कार रु.६,०००/- सहित तृतीय स्थान, एसओएस हर्मन माइनर सेकेण्डरी स्कुल गण्डकीले आयोजना गरेको अङ्ग्रेजी वक्तृत्व कला प्रतियोगितामा नगद पुरस्कार रु. १,५००/- सहित द्वितीय स्थान तथा डाबर नेपालको प्रायोजनमा यस विद्यालयमा सम्पन्न भएको Real School of Nepal 2018 मा इन्टर स्कुल Extermpore तर्फ प्रथम स्थान हासिल गरिन् । जिविएस एग्बोसाद्वारा आयोजना गरिएको एग्बोसा इन्टर ब्याज फुटसल टुर्नामेन्ट २०१८ मा यस विद्यालयको कक्षा १२ मा अध्ययनरत छात्र आदित्य बास्तोला र सुजन भण्डारीले प्रथम स्थान प्राप्त गरे । अन्नपूर्ण पोष्ट इन्टरनेशल कर्पोरेटले आयोजना गरेको गण्डकी प्रदेश स्तरीय खुल्ला Man Single र Man Double Badmintion प्रतियोगितामा यस विद्यालयको कक्षा ११ मा अध्ययनरत छात्र विधान अधिकारीले क्रमशः प्रथम र तृतीय स्थान हासिल गर्न सफल भए । एक्स्पेर्ट एजुकेशन एण्ड भिसा सर्भिसले आयोजना गरेको इन्टर कलेज निबन्ध लेखन प्रतियोगितामा यस विद्यालयका कक्षा १२ मा अध्ययनरत छात्र नवीन पौडेलले नगद पुरस्कार रु. १०,०००/- सहित द्वितीय स्थान प्राप्त गरे भने World Robat Olympiad ले यसै विद्यालयमा आयोजना गरेको प्रदेश स्तरीय रोवट प्रतियोगितामा यस विद्यालयको कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरू क्रमशः सुलभ कार्की, विवेक पौडेल र सौगात पोखरेलले प्रथम स्थान प्राप्त गरी राष्ट्रिय रोवट प्रतियोगिमा सहभागिता जनाए ।

२०७५ असोज ११ गतेका दिन विद्यालय प्रशासन र FELM Nepal का Regional Director, Juha Lind को नेतृत्वमा आएको प्रतिनिधि मण्डल बीच सम्पन्न भएका बैठकमा FELM Nepal ले यस विद्यालयको छात्रवृत्ति कार्यक्रममा विगत ४० वर्षदेखि पुऱ्याउँदै आएको छात्रवृत्ति सहयोगको समीक्षा गर्दै आगामी केही वर्षसम्म उक्त सहयोग जारी रहने विषयमा फलदायी छलफल सम्पन्न भयो ।

यथेष्ट भौतिक तथा शैक्षिक पूर्वाधार सहित उत्कृष्ट विद्यालयको रूपमा स्थापित भई रहन यसका पूर्व विद्यार्थीहरूको Strength लाई उपयोग गर्दै जाने नीति अवलम्बन गरे अनुसार स्वदेश र विदेशमा खुलेका पूर्व विद्यार्थीहरूको संगठनलाई GBS Alumni गठन गरी व्यवस्थापन गर्न EGBOSA का संस्थापक अध्यक्ष डा. रवीन्द्रप्रसाद श्रेष्ठको अध्यक्षतामा सात सदस्यीय मस्यौदा समितिगठन भएको छ ।

विद्यालयतर्फ यस विद्यालयलाई कक्षा १ देखि १२, ए-लेभलसम्म र यसको विस्तारित कार्यक्रम अन्तर्गत सञ्चालित गण्डकी कलेज अफ इन्जिनियरिङ्ग एण्ड साइन्सतर्फ सूचना प्रविधि विषयमा स्नातक तथा स्नातकोत्तर कक्षाहरू सञ्चालन गरी सन् १९८२ सम्ममा गण्डकीको सर्वोच्चतालाई गण्डकी विश्वविद्यालय (Deem University) मा परिणत गर्ने दिर्घकालिन कार्यनीति अनुसार गत फागुन २०७४ बाट Msc in Information System Engineering विषयमा स्नातकोत्तर कक्षा सञ्चालन भई सकेको र स्नातक तर्फ BE in Computer कार्यक्रम थप भई सञ्चालन हुने तयारीमा छ । कक्षा १ देखिको आधारभूत विद्यालयको निर्माण कार्य तिव्र गतिमा सञ्चालन भईरहेको छ ।

शैक्षिक भ्रमण स्थलगत सिकाइको महत्वपूर्ण अवसर हो । कक्षा १० का विद्यार्थीहरू यही कार्तिक ७ गतेदेखि पूर्वी नेपालसहित भारतको दार्जिलिङ्ग, सिक्किमसम्मको अध्ययन भ्रमणमा जाँदै छन् । कक्षा १२ र ए-लेभलका विद्यार्थीको शैक्षिक भ्रमण सम्पन्न गर्नेतर्फ पनि छलफल अघि बढिरहेको छ । कक्षा १०, १२ र ए-लेभलको शैक्षिक भ्रमण अनिवार्य नभई विद्यार्थी तथा अभिभावकले रुची देखाई सहभागी भएमा मात्र भ्रमणको व्यवस्था गरिने छ । जिशिइ ए-लेभलमा अध्ययन गर्ने विद्यार्थीको क्याम्ब्रिज विश्व विद्यालयबाट सञ्चालन गरिने CIE October/November को बोर्ड परीक्षा यही असोजको तेस्रो हप्तादेखि यसै विद्यालयमा सञ्चालन हुँदै छ ।

व्यवस्थापन समितिको मिति २०७५ असोज २१ गतेको निर्णयले कार्य सञ्चालन विनियम २०६४ संशोधन सहितको नियम ८२'क' र ऐ 'ख' बमोजिमको शिक्षक अभिभावक संघ विश्वमोहन अधिकारीको अध्यक्षतामा विश्वमोहन अधिकारी अध्यक्ष (९८०२८२४०९७), जीवनप्रसाद भण्डारी (९८५६०२२९४१), डा.क्लारा पौडेल (९८०२८२३४५६), रमेशकुमार श्रेष्ठ (९८४६०२४२४३), डा. रामचन्द्र बराल (९८४६०२७८४१), जयमोहन भट्टराई (९८५६०२०९४७), सञ्जय अधिकारी (९८४६०२४४२३), हरेराम अमगाई (९८५६०२३९२४), मिना गुरुङ (९८४६०६४९०१) र शिक्षक प्रतिनिधि मानबहादुर थापा (९८५६०३९९५१) रहने गरी गठन गरेको छ ।

दसैं, तिहार र छठको लामो बिदामा विद्यार्थीहरू घर पठाउँदा पाठ्यक्रमसँग सम्बद्ध, सामान्य ज्ञान एवम् current affairs सँग सम्बन्धित विभिन्न गृहकार्य दिई पठाइएको छ । आफ्ना बाबु नानीहरूलाई दिइएको गृहकार्यको अतिरिक्त सम्भव भएमा अन्य ज्ञान एवम् सिपमूलक तथा रचनात्मक क्रियाकलापमा संलग्न गराइ दिनुहुन सबै अभिभावकज्यूहरूसँग अनुरोध गर्दछु । तेस्रो सत्र अर्थात कार्तिक २८ गतेदेखि चैत्र मसान्सम्मको Term Calendar विद्यालयको Website www.gbs.edu.np र विद्यालयको आधिकारिक फेसबुक पेज https://www.facebook.com/VisitGBS मा प्रकाशित गरिने छ ।

अभिभावकज्यूहरूलाई निम्न लिखित थप जानकारी गराई विद्यालय सुचारु रूपले सञ्चालन गर्न सदाझैं आगामी दिनहरूमा पनि यहाँहरूबाट सल्लाह, सद्भाव, शुभेच्छा र सहयोगको अपेक्षा गरेको छु ।

- दोस्रो सत्रको परीक्षाको प्रोग्रेस रिपोर्ट कार्ड यही असोज २९ गते सोमवार बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म विद्यालयबाट वितरण गरिने छ । अभिभावकज्यूहरूलाई विद्यालयमा आई आफ्ना बाबु नानीको प्रोग्रेस रिपोर्ट कार्ड लिनु हुन अनुरोध छ ।
- २०७५ कार्तिक २८ गते बुधवार शिक्षकहरूको लागि शैक्षिक तालिमको व्यवस्था गरिनेछ । २०७५ सालको तेस्रो सत्रको पढाइ कार्तिक २९ गते बिहीवार १०:०० बजेदेखि सञ्चालन हुने हुँदा सम्पूर्ण दिवा तथा आवासीय विद्यार्थीहरू सो दिन बिहान ९:३० बजे भित्र नै अनिवार्य रूपमा विद्यालयमा आइसक्नु पर्ने छ ।
- तेस्रो सत्रदेखि एसेम्ली दिनहरूमा विद्यार्थीहरूले कोट अनिवार्य लगाउनुपर्ने हुँदा सोको व्यवस्था गरिदिनु हुन अनुरोध छ ।
- विद्यालय सञ्चालन भइरहेको वेला कारणवश कुनै विद्यार्थीलाई बिदा लिनुपर्ने अवस्था आएमा अभिभावकले नै बिदाको माग गर्नुपर्ने छ ।
- नेपाल सरकारद्वारा जारी गरिएको संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका २०६९ ले विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पार्ने चाउचाउ, चिजबल, लेज, कुरकुरे जस्ता सुख्खापन भएका रसायनयुक्त 'जङ्क फुड' लाई विद्यालय प्रवेशमा प्रतिबन्ध लगाएको हुँदा त्यस्ता खाद्य वस्तुहरू नपठाइदिनु हुन अनुरोध छ । साथै विद्यालय हाताभित्र मोवाइल फोन प्रयोग गर्न नपाइने सम्बन्धी सूचना यस अघि नै SMS बाट जानकारी गराई सकिएको हुँदा आफ्ना बाबुनानीसँग मोवाइल फोन नपठाई दिनुहोला ।
- आवासीय विद्यार्थीहरूलाई विद्यालयले तोकेको दिनमा मात्र भेट्न र लिन आई विद्यालयको आवास प्रशासनलाई सहयोग पुऱ्याइदिनु हुन सबै अभिभावकज्यूहरूमा विशेष अनुरोध छ ।
- यस विद्यालयमा सञ्चालित बसहरू पूर्णरूपमा दिवा सेवामा भर्ना पाएका विद्यार्थीहरूका लागि व्यवस्था गरिएको हो । कुनै विद्यार्थी कारणवस बिचैमा आवाधिक दिवा सेवाको सुविधा लिन पर्ने भएमा त्यस्ता विद्यार्थीको दैनिक आवाजजावतको व्यवस्था विद्यालयका बसमा स्थान अभावका कारण अभिभावक आफैंले मिलाउनु पर्ने छ ।
- आ-आफ्ना बाबुनानीको शुल्क विगतमा झैँ ठिकठिक समयमा बुझाएर विद्यालयको आर्थिक प्रशासनलाई सहयोग पुऱ्याइदिनु हुन अनुरोध छ ।
- छात्रवृत्ति सुविधाअन्तर्गत अध्ययनरत विद्यार्थीहरूको घरको आर्थिक अवस्था अध्ययन गरी विद्यालयबाट प्रदान गरिदै आएको छात्रवृत्ति सुविधा शैक्षिक वर्ष २०७५ को अन्त्य सम्ममा पुनरावलोकन गर्ने कार्यक्रम रहेको हुँदा सो कार्यका लागि यस विद्यालयबाट खटिई आउने शिक्षक कर्मचारीलाई आवश्यक सहयोग गरिदिनु हुन सम्बन्धित अभिभावकहरूलाई अनुरोध गरिन्छ ।

अन्त्यमा विद्यालय र अभिभावकज्यूहरू बिचको सम्बन्ध सदा सुमधुर रहोस् भन्ने शुभेच्छा प्रकट गर्दै यहाँहरू सबैमा विद्यालयका तर्फबाट **विजया दशमी, दीपावली तथा छठ पर्व २०७५ को हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछु ।

भवदीय,

रविप्रसाद बराल
प्राचार्य